४ हिति प्रणाली मर्मत तथा सुधार गर्ने

पाटनका ५६ वटा ढुंगेधाराहरु मध्ये २८ वटा अझै सञ्चालनमा छन् भने १२ वटा खराब अवस्थामा छन् । बाँकी या त नष्ट भैसके वा नराम्ररी बिग्रिसकेको छ । तसर्थ हिति सुधार को लागि कम्तीमा ३ वटा धाराहरु सुधारको स्थानीय प्रयासमा यस कार्यक्रमले सहयोग गर्नेछ ।

## कार्यान्वयन




ढुंगेधारा व्यवस्थापनमा समुदायको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले संचालित यस कार्यक्रमको केन्द्र बिन्दुमा स्थानीय समुदायलाई राखिएको छ । स्थानीय समुदाय परिचालन, कार्यान्वयनको नेतृत्व गर्नुको साथै समुदायले भौतिक तथा आर्थिक लगानी समेत गर्नेछ । CIUD ले यस प्रक्रियाको सहजकर्ता तथा कार्यान्वयनको व्यवस्थापन गर्नेछ । ललितपुर उप महानगरपालिकाले यस प्रक्रियामा भौतिक सहयोगको साथै समन्वय र सुपरिवेक्षकको भूमिका खेल्नेछ । यस कार्यक्रममा यू एन ह्याबिट्याटले मूल आर्थिक सहयोगको साथसाथै सुपरिवेक्षणमा सहयोग गर्नेछ ।

## कार्यक्रम अवधि

यस कार्यक्रमको अवधि २०६६ कार्तिक (सन् २००९ अक्टोबर) सम्म रहनेछ ।

**एकीकृत शहरी विकास केन्द्र**
गुसिंगाल, सानेपा, ललितपुर
फोन नं : ५५२८२२६
फ्याक्स् :५०१२५४९
ई.मेल : ciud@mail.com.np
वेबसाईट : www.ciud.org.np

**ललितपुर उप महानगरपालिका**
पुल्चोक, ललितपुर
फोन नं: ५५४०९०४
फ्याक्स्: ५५५३९६६
ई.मेल: lptmetro@wlink.com.np
वेबसाईट: www.lalitpur.org.np

**यू एन ह्याबिट्याट**
**एशियाली शहरहरुका लागि पानी कार्यक्रम-नेपाल**
पुल्चोक, ललितपुर
फोन नं: ५५४२८१६,फ्याक्स् : ५५३९८७७
ई.मेल : wac.nepal@unhabitat.org.np
वेबसाईट : www.unhabitat.org,
www.urbswatsan.org.np

# ललितपुरको हिति प्रणाली संरक्षण प्रयास



UN-HABITAT

## परिचय



ढुंगेधारा काठमाडौं उपत्यकाको सभ्यताको एउटा विशिष्ट परिचय हो । किराँत काल देखि नै शुरु भएको लोंह हिति वा गाः हिति नामले परिचित यो हिति प्रणाली लिच्छिवी कालमा विकास भएको थियो भने मल्ल कालमा व्यापक बनेको थियो । राणा कालमा पश्चिमा प्रविधि भित्र्याइए यता ओझेलमा पर्न थालेको हिति प्रणालीलाई बिगत केही दशक यता बेवास्ता गरेको पाईन्छ । जसको कारण यी स्रोतहरुको व्यापक अतिक्रमण भएको छ । शहरीकरण संगै हिजोका खुल्ला क्षेत्र, पोखरी र कुलोहरु मिचिने क्रमले यी ढुंगेधाराहरुका समग्र प्रणाली प्रभावित हुन पुगेको छ ।



अर्को तिर काठमाडौं उपत्यकामा विगत २ दशक देखिको पानीको हाहाकारले आम समुदायलाई आफ्नो टोलका ढुंगेधारा तिर फर्कन बाध्य पारेको छ । यसले ढुंगेधारालाई पुनर्जिवन दिने स्थानीय प्रयास मात्र भएको छैन नयाँ जीवन पद्धती अनुरुप यसमा सुधारका उदाहरण पनि प्रस्तुत गरेको छ । यस क्रममा पाटनको आल्को हिति उदाहरणको रुपमा अघि आएको छ । यस जनस्तरको प्रयासलाई व्यापक बनाउन तथा हालका व्यवस्थापन प्रणालीलाई अझ विकास तथा दिगो बनाउने र कतिपय ढुंगेधाराको बहाव सुधार गर्न स्थानीय समुदायको क्षमता अभिबृद्धि जरुरी छ । यही अभिप्रायले ललितपुर उप महानगरपालिका र एकीकृत शहरी विकास केन्द्रले यू एन ह्यबिट्याटको सहयोगमा परम्परागत ढुंगेधारा संरक्षणमा स्थानीय समुदायको क्षमता अभिबृद्धि कार्यक्रम अगाडि सारेको छ ।



यस प्रयासबाट लगभग ५,००० बासिन्दाहरु प्रत्यक्ष लाभान्वित हुन्छन् भने अप्रत्यक्ष लाभान्वित हुने जनसंख्या निकै ठूलो हुनेछ ।

## उद्देश्य

१ समुदायमा आधारित व्यवस्थापन र वितरण प्रणाली मार्फत स्थानीय खानेपानीको आवश्यकता पूर्ति गर्न परम्परागत हिति प्रणालीलाई उपयोग गर्नु

२ स्थानीय स्तरमा समुदायको पानी व्यवस्थापन क्षमता अभिबृद्धि गर्नु

३ स्थानीय समुदायको स्थानीय स्रोत व्यवस्थापन क्षमता अभिबृद्धि गर्नु

४ नगरपालिका र समुदायको हिति प्रणाली व्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि गर्नु

## प्रस्तावित गतिविधिहरु

यस आयोजनाको मुख्य उद्देश्य स्थानीय समुदायको क्षमता अभिबृद्धि गरी हिति प्रणाली व्यवस्थापनको उदाहरण प्रस्तुत गर्ने भएकोले सांकेतिक रुपमा निम्न कार्यहरु अघि सारिएको छ ।

१ परम्परागत हितिहरुमा समुदायमा आधारित पानी वितरण प्रणाली स्थापना

यस कार्यक्रम अन्तर्गत हाल छानिएका सुन्धारा (न्ःग हिति), अमृत हिति-इमुखेल र तापा हितिमा पानी वितरण तथा व्यवस्थापनको प्रणाली स्थापना गरिनेछ । यी तीनवटा धाराहरु र अल्को हिति प्रणालीको चुस्त व्यवस्थापनको लागि व्यवस्थापन सुचना प्रणाली स्थापन गरिनेछ ।

२ खानेपानी सञ्चालन र व्यवस्थापनमा स्थानीय समुदायको क्षमता अभिबृद्धि गर्ने

पानी व्यवस्थापन प्रणालीको मर्मत संभार कार्य प्रभावकारी बनाउनका लागि समुदायको सीप र ज्ञान अभिबृद्धि गरिने छ । यस सँग सँगै पानी गुणस्तर सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु थालनी गरिने छ, जस अन्तर्गत पानी जाँच र साधारण घरेलु शुद्धिकरण तरिकाहरु पर्दछन् ।

३ हिति प्रणाली बारे व्यापक चेतना अभिबृद्धि गर्ने

ढुंगेधारा यस देशको राष्ट्रिय सम्पदा हो । यस सम्पदाको महत्व, यसका प्राविधिक पक्ष, सांस्कृतिक महत्व तथा संरक्षण कार्यमा व्यापक जनचेतना जगाउन यस आयोजना अन्तर्गत कम्तिमा ढुंगेधारा भएका १५ वटा टोलहरुमा हिति प्रणाली बारे चेतना मूलक तालिम सञ्चालन गरिने छ । साथै निर्णायक स्तरमा हिति प्रणालीको व्यवस्थापन तथा प्राविधिक ज्ञान आवश्यक भएकोले ललितपुर उप महानगरपालिकाका प्राविधिक तथा सम्बन्धित विभागका कर्मचारीहरुलाई तालिम दिइने छ ।